सामाजिक सञ्जालको प्रयोग तथा बैठक, प्रस्तुति र सूचनाको गोपनीयता सम्बन्धी आचारसंहिता, २०८३

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
चाकुपाट, ललितपुर

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
चाकुपाट ललितपुर

महानिर्देशक

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग

सामाजिक सञ्जालको प्रयोग तथा बैठक, प्रस्तुति र सूचनाको गोपनीयता सम्बन्धी आचारसंहिता, २०८३

प्रस्तावनाः वर्तमान डिजिटल युगमा सामाजिक सञ्जाल मार्फत विभाग तथा मातहतका कार्यालयका क्रियाकलाप, उपलब्धि, निर्माण प्रगति, सडक अवस्था तथा सेवासम्बन्धी सूचनाहरू नागरिक समक्ष पारदर्शी रूपमा पुग्न सक्ने अवसर सिर्जना भएको छ। तथापि सामाजिक सञ्जालको अव्यवस्थित वा असावधानीपूर्ण प्रयोगले संस्थागत प्रतिष्ठामा नकारात्मक असर पर्ने, कर्मचारी आचरणसम्बन्धी समस्या उत्पन्न हुने, बैठक र प्रस्तुतिका संवेदनशील वा गोप्य सूचना सार्वजनिक हुने र आम नागरिकमा भ्रामक सन्देश जाने जोखिम रहेको सन्दर्भमा सामाजिक सञ्जालको सञ्चालनलाई मर्यादित, पारदर्शी, जबाफदेही र संस्थागत हित अनुकूल बनाउन वाञ्छनीय भएकोले,

निजामती सेवाका कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५ को नियम २७ ले दिएको अधिकार प्रयोग गरी सडक विभागले देहायको आचारसंहिता बनाई लागू गरेको छ।

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आचारसंहिताको नाम "सामाजिक सञ्जालको प्रयोग तथा बैठक, प्रस्तुति र सूचनाको गोपनीयता सम्बन्धी आचारसंहिता, २०८३" रहेको छ।

(२) यो आचारसंहिता तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,-

(क) "आचरण" भन्नाले कर्मचारीहरूले पालना गर्नुपर्ने व्यवहार, बानी-व्यहोरा, चालचलन, भाषिक मर्यादा वा चरित्र सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले सडक विभाग तथा अन्तर्गतका कार्यालयहरूमा कार्यरत सबै कर्मचारीहरूलाई सम्झनुपर्छ साथै सो शब्दले करार वा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूलाई समेत जनाउँछ।

(ग) "महानिर्देशक" भन्नाले सडक विभागको महानिर्देशक सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(ङ) "विभाग" भन्नाले सडक विभागलाई सम्झनु पर्छ।

(च) "कार्यालय" भन्नाले सडक विभाग तथा अन्तर्गतका सम्पूर्ण कार्यालयहरूलाई सम्झनु पर्छ।

(छ) "सेवाग्राही" भन्नाले विभाग वा अन्तर्गतका कार्यालयहरूबाट सेवा प्राप्त गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ।

महानिर्देशक

(ज) "सामाजिक सञ्जाल" भन्नाले प्रयोगकर्ताहरूले पाठ्य, तस्वीर, अडियो, भिडियो वा मिश्रित सामग्री सिर्जना, साझा र आदानप्रदान गर्ने इन्टरनेटमार्फत सञ्चालित डिजिटल मञ्चहरू सम्झनु पर्छ।

(झ) "आधिकारिक खाता" भन्नाले सडक विभाग वा मातहतका कार्यालयहरूका नाममा खोलिएका/दर्ता भएका वा विभागले आधिकारिक रूपमा स्वीकृति दिएका सामाजिक सञ्जाल खाताहरू सम्झनु पर्छ।

(ञ) "व्यक्तिगत खाता" भन्नाले सडक विभाग वा मातहतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको सामाजिक सञ्जाल खाताहरू सम्झनु पर्छ।

(ट) "सामग्री" भन्नाले सामाजिक सञ्जालमार्फत प्रकाशित, साझा वा सम्प्रेषित कुनै पनि लेख, टिप्पणी, तस्वीर, अडियो, भिडियो, लिङ्क वा अन्य डिजिटल जानकारी सम्झनु पर्छ।

३. <u>आचारसंहिता पालना गर्नुपर्ने:</u> (१) यो आचारसंहिता सडक विभाग तथा अन्तर्गतका कार्यालयहरूमा कार्यरत सम्पूर्ण कर्मचारीहरूमा समान रूपमा लागू हुनेछ।

परिच्छेद-२

सामाजिक सञ्जाल खाताहरूको सञ्चालन

४. <u>आधिकारिक खाता खोल्नु पर्ने:</u> (१) सबै कार्यालयहरूले जनतासँग संवाद गर्न, जन-गुनासोहरू ग्रहण गर्न र आफ्ना सूचनाहरू सार्वजनिक गर्न आधिकारिक सामाजिक सञ्जाल खाताहरू खोली सञ्चालनमा ल्याउनु पर्नेछ।

(२) खातामा प्रयोग हुने नाम, आईडी, ई-मेल ठेगाना, लोगो, कभर फोटो, आदि नेपाल सरकारको वा कार्यालय स्वयम्को आधिकारिक हुनु पर्नेछ।

(३) खाताको संक्षिप्त परिचयमा आधिकारिकता खुल्ने गरी कार्यालयको पूर्ण नाम, कार्यक्षेत्र र उद्देश्य स्पष्ट रूपमा राख्नु पर्नेछ। खाताको पेज ले-आउट झट्ट हेर्दा आकर्षक र प्रयोगकर्ताले सहजै कार्यालय र त्यसको कार्यक्षेत्र तथा उद्देश्य अनुमान गर्न सक्ने खालको हुनु पर्नेछ।

(४) खाताको सुरक्षाका लागि अनिवार्य रूपमा आधिकारिक मोबाइल नम्बर वा आधिकारिक ई-मेल प्रयोग गरी "टू फ्याक्टर अथेन्टीकेसन" प्रणाली सुचारु गर्नु पर्नेछ।

५. <u>आधिकारिक खाता सञ्चालन:</u> (१) कार्यालयको आधिकारिक सामाजिक सञ्जाल खाता कार्यालयको सूचना अधिकारी वा जिम्मेवार पदाधिकारीले मात्र सञ्चालन गर्नु पर्नेछ।

(२) सामाजिक सञ्जाल खाता नियमित रूपमा सञ्चालन गर्नु पर्नेछ। अन्य व्यक्ति, समूह वा निकायबाट आउने सन्देश र टिप्पणीहरूको नियमित अवलोकन गर्नु पर्नेछ।

आवश्यकता अनुसार कार्यालयको तर्फबाट उचित जबाफ दिनु पर्नेछ। कार्यालयका सूचना तथा जानकारीहरू आवश्यकता र समयानुकूलता हेरी खाताबाट सार्वजनिक गर्नु पर्नेछ।

(३) खातामा हुने क्रियाकलापहरूको बारेमा कार्यालय प्रमुखलाई नियमित जानकारी गराउनु पर्नेछ।

(४) गाली-गलौचको भाषा प्रयोग गर्ने, अश्लील, अशिष्ट, सामाजिक सद्भाव बिगार्ने तथा नकारात्मक सन्देश प्रवाहित गर्ने प्रयोगकर्ताहरूलाई खातामा निषेध गर्न सकिनेछ।

६. **एकल वा सामूहिक खाता सञ्चालनः** (१) कर्मचारीले एकल वा सामूहिक रूपमा आफ्नो कार्यालयको वा कार्यालयसँग सम्बन्धित कुनै पनि सामाजिक सञ्जाल खाता खोल्ने वा सञ्चालन गर्ने कार्य गर्नु हुँदैन।

(२) तर देहायका अवस्थामा गोप्य समूहका रूपमा खाता खोल्न र सञ्चालन गर्न सकिनेछः

(क) कार्यालय प्रमुखको स्वीकृतिमा कर्मचारीहरूलाई कार्यालयको कामकाजको जानकारी तथा सूचना प्रदान गर्न र आन्तरिक समन्वय कायम गर्न,

(ख) विभाग तथा मातहतका कार्यालयहरूका कर्मचारीहरू बीच सूचना र अनुभव आदान-प्रदान गर्न, विभागीय निर्देशन प्रवाह गर्न र प्राविधिक ज्ञान साझा गर्न,

(ग) तहगत सहकार्य र समन्वय कायम गर्न,

(घ) कर्मचारीहरू बीच आन्तरिक सञ्चार कायम गर्न र सामूहिकता व्यक्त गर्न,

(ङ) निश्चित कार्य वा कार्य-जिम्मेवारी सम्पन्न गर्न।

(३) यसरी सञ्चालित खाताहरूमा सम्बन्धित कर्मचारीहरूलाई मात्र पहुँच दिनु पर्नेछ र असम्बन्धित व्यक्ति वा संस्थालाई पहुँच दिनु हुँदैन।

७. **खाता बन्द गर्ने तथा सङ्कटकालीन व्यवस्थापनः** (१) कुनै निश्चित आयोजना वा रणनीतिक कार्यका लागि मात्र खोलिएका अस्थायी खाताहरू सो आयोजना/कार्य सम्पन्न भए पश्चात् आर्काइभ वा बन्द गर्न सकिनेछ।

(२) खाता ह्याक भएमा, अनधिकृत पहुँच स्थापित भएमा वा प्राविधिक त्रुटि भई गलत सामग्री प्रकाशन, साझा वा सम्प्रेषण भएमा सोको जानकारी तत्काल कार्यालय प्रमुखलाई गराई सार्वजनिक रूपमा स्पष्टीकरण वा सूचना जारी गर्नु पर्नेछ।

(३) खाता ह्याक भएमा वा अनधिकृत पहुँच स्थापित भएमा आवश्यकताअनुसार साइबर ब्यूरोमा उजुरी दिई प्रचलित कानून बमोजिम प्रक्रिया अगाडि बढाउन सकिनेछ।

महानिर्देशक

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
चाकुपाट ललितपुर

परिच्छेद-३

आधिकारिक खाताहरूका लागि आचारसंहिता

८. **प्रकाशन, साझा र सम्प्रेषण गर्न सकिने:** (१) कार्यालयहरूका आधिकारिक सामाजिक सञ्जाल खाताहरूबाट देहायका सामग्रीहरू प्रकाशन, साझा वा सम्प्रेषण गर्न सकिनेछः

(क) कार्यालयहरूका आधिकारिक निर्णय, सार्वजनिक सूचना, बोलपत्र सम्बन्धी सूचना र प्रेस विज्ञप्तिहरू,

(ख) सडक निर्माण, मर्मत-सम्भार, पुल निर्माण तथा आयोजनाहरूको भौतिक एवं वित्तीय प्रगतिका विवरण, तस्वीर तथा भिडियोहरू,

(ग) कार्यालयहरूले सञ्चालन गर्ने सार्वजनिक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार, छलफल, आदिको सूचना, सन्दर्भ सामग्री, विवरण, तस्वीर तथा भिडियोहरू,

(घ) प्राकृतिक प्रकोप, पहिरो वा सडक दुर्घटनाका कारण अवरुद्ध भएका सडक खण्डहरूको अवस्था र वैकल्पिक मार्ग सम्बन्धी तत्कालीन सूचनाहरू,

(ङ) प्राविधिक ज्ञान, सडक सुरक्षा, ट्राफिक नियमको पालना र सार्वजनिक सम्पत्तिको संरक्षण सम्बन्धी जन-चेतनामूलक सामग्रीहरू,

(च) नेपाल सरकार वा मन्त्रालयबाट जारी भएका नीति, नियम, र निर्देशिकाहरू।

(२) कार्यालयको उद्देश्यलाई थप सहयोगी हुने खालका सामग्रीहरू लाईक गर्ने, मेन्सन गर्ने, शेयर गर्ने, कसैको भनाई उद्धृत गर्ने जस्ता कार्य गर्न सकिनेछ।

(३) कार्यालयको उपलब्धि सार्वजनिक रूपमा जानकारी गराउन कृत्रिम बौद्धिकता प्रयोग गरी मनोरञ्जनात्मक सामग्री निर्माण गरी प्रकाशन र सम्प्रेषण गर्न सकिनेछ।

९. **प्रकाशन, साझा र सम्प्रेषण गर्न निषेध गरिएको:** (१) कार्यालयहरूका आधिकारिक सामाजिक सञ्जाल खाताहरूबाट देहायका सामग्रीहरू प्रकाशन, साझा वा सम्प्रेषण गर्नु हुँदैनः

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा र वैदेशिक सम्बन्धमा खलल पुर्‍याउने खालका सामग्रीहरू,

(ख) प्रचलित कानुन बमोजिम "गोप्य" वा "अति गोप्य" भनी वर्गीकरण गरिएका सरकारी कागजात, निर्णय हुनु पूर्वका टिप्पणीका मस्यौदा र प्राविधिक डिजाइनहरू,

(ग) कार्यालय, कार्यक्षेत्र, कार्य-जिम्मेवारी वा कार्य-विवरणसँग पूर्ण रूपमा असम्बन्धित सामग्रीहरू,

महानिर्देशक

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग

(घ) कुनै पनि राजनीतिक दल, राजनीतिक विचार वा सङ्गठनको पक्ष वा विपक्षमा वकालत गर्ने वा दलगत प्रचार-प्रसार हुने सामग्रीहरू,

(ङ) कुनै पनि प्रकारका व्यक्तिगत विचार, दर्शन वा आस्था झल्कने शब्दावलीहरू तथा सामग्रीहरू,

(च) कुनै जात-जाति, भाषा, धर्म, लिङ्ग वा सम्प्रदाय बीचको आपसी सद्भावमा खलल पुर्याउने वा घृणा फैलाउने प्रकृतिका सामग्रीहरू,

(छ) कसैको व्यक्तिगत तथा सार्वजनिक जीवनमा नकारात्मक असर पर्ने खालका सामग्रीहरू,

(ज) कुनै पनि व्यक्ति वा संस्थाको साथै नेपाल सरकार, मातहतका कार्यालय र कर्मचारीको मानहानि वा आलोचना हुने खालका सामग्रीहरू,

(झ) विज्ञापन ऐन बमोजिम निषेध गरिएका व्यापारिक विज्ञापन वा कुनै निर्माण व्यवसायी/परामर्शदाता/उत्पादक कम्पनीको व्यावसायिक प्रवर्द्धन हुने सामग्रीहरू,

(ञ) प्रचलित कानूनले वर्जित गरेका सम्पूर्ण सामग्रीहरू,

(ट) अदालतमा विचाराधीन रहेका मुद्दाहरूलाई प्रभाव पार्ने वा अनुसन्धानको गोपनीयता भङ्ग गर्ने खालका सूचनाहरू।

(२) आधिकारिक खाताबाट व्यक्तिगत खाता जसरी अन्य प्रयोगकर्ताहरूसँग सम्वाद वा अन्तरक्रिया गर्नु हुँदैन।

(३) प्राविधिक वा कानुनी जटिलता भएका विषयमा तत्काले आधिकारिक निर्णय नभईकन कुनै पनि आश्वासन वा अनौपचारिक प्रतिबद्धता व्यक्त गर्नु हुँदैन।

१०. <u>**सामग्रीको आधिकारिकता, प्रमाणीकरण र त्रुटि सच्याउनेः**</u> (१) सामाजिक सञ्जालमा कुनै पनि सूचना वा सामग्री प्रकाशन, साझा वा सम्प्रेषण गर्नुपूर्व सोको सत्यता, आधिकारिकता र प्राविधिक शुद्धता यकिन गर्नु पर्नेछ।

(२) कुनै पनि सामग्री (तथ्याङ्क वा प्रतिवेदन) अन्य निकाय वा माध्यमबाट साभार गरिएको भएमा सोको आधिकारिक स्रोत स्पष्ट रूपमा खुलाउनु पर्नेछ।

(३) अर्काको बौद्धिक सम्पत्तिको सम्मान गर्नु पर्नेछ।

(४) असावधानीवश कुनै गलत, अपूर्ण वा भ्रमपूर्ण सामग्री सम्प्रेषण हुन गएमा सो सामग्री तुरुन्त सच्याउनु वा हटाउनु पर्नेछ। सामग्री हटाइएको वा सच्याइएको अवस्थामा सोको कारण सहितको संक्षिप्त स्पष्टीकरण वा क्षमायाचना सोही खाताबाट सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

महानिर्देशक

११. **भाषिक मर्यादा कायम गर्नु पर्ने:** (१) आधिकारिक सामाजिक सञ्जाल खाताहरूबाट प्रकाशन, साझा वा सम्प्रेषण गरिने सूचना, जबाफ वा सामग्रीहरूको भाषा शिष्ट, मर्यादित, सरल र व्याकरणीय रूपमा शुद्ध हुनु पर्नेछ।

(२) सर्वसाधारण वा सेवाग्राहीका गुनासोहरूको जबाफ दिँदा पूर्ण रूपमा तटस्थ, वस्तुपरक र गैर-राजनीतिक रही कार्यालयको गरिमा अनुकूल हुने गरी आदरार्थी शब्दहरूको प्रयोग गर्नु पर्नेछ। व्यक्तिगत विचार, व्यङ्ग्य वा विवादास्पद शब्दावलीको प्रयोग गर्नु हुँदैन।

(३) आलोचनात्मक वा नकारात्मक टिप्पणी आएमा आक्रोशपूर्ण, भावनात्मक वा प्रतिशोधात्मक नभई शिष्टतापूर्वक तथ्य र प्रमाणका आधारमा मात्र जवाफ दिनु पर्नेछ।

(४) लैङ्गिक, क्षेत्रीय, जातीय, धार्मिक वा अपाङ्गता भएका व्यक्तिहरू प्रति सम्मान झल्कने र समावेशी भाषाको प्रयोग गर्नु पर्नेछ।

(५) कसैको आत्मसम्मानमा ठेस पुग्ने, होच्याउने, कुरा काट्ने वा विभेदकारी अर्थ लाग्न सक्ने कुनै पनि शब्द वा सङ्केत को प्रयोग गर्नु हुँदैन।

परिच्छेद-४
व्यक्तिगत खाताहरूका लागि आचारसंहिता

१२. **व्यक्तिगत खाता प्रयोगको दायित्वः** (१) कर्मचारीहरूले आफ्नो व्यक्तिगत सामाजिक सञ्जाल खाताहरूमा गर्ने जुनसुकै क्रियाकलापका लागि स्वयम् कर्मचारी नै शत-प्रतिशत जिम्मेवार हुनु पर्नेछ।

(२) आफ्नो व्यक्तिगत विवरणमा सडक विभाग वा मातहतको कार्यालयमा कार्यरत रहेको उल्लेख गर्न सकिनेछ।

(३) कर्मचारीले विगतमा सम्प्रेषण गरेका तर हाल पदमा बहाल रहँदा आचरण विपरीत ठहरिने सामग्रीहरू वा सेवामा प्रवेश गर्नु अघिका तर वर्तमान संस्थागत प्रतिष्ठामा आँच पुर्याउने सामग्रीहरूको हकमा समेत स्वयम् सचेत रही हटाउनु वा परिमार्जन गर्नु पर्नेछ।

१३. **प्रकाशन, साझा र सम्प्रेषण गर्न निषेध गरिएको:** (१) कर्मचारीहरूका व्यक्तिगत सामाजिक सञ्जाल खाताहरूबाट देहायका सामग्रीहरू प्रकाशन, साझा वा सम्प्रेषण गर्नु हुँदैनः

(क) नेपाल सरकार, मन्त्रालय, विभाग वा मातहतका कार्यालयहरूबाट स्वीकृत नीति, योजना, चालू आयोजना वा निर्णयहरूको विरोध, नकारात्मक आलोचना वा जनमानसमा अविश्वास पैदा हुने कुनै पनि सामग्रीहरू,

(ख) विभाग वा मातहतका कार्यालयहरूमा कार्यरत कुनै पनि कर्मचारीहरूको मान-मर्दन हुने, प्रतिष्ठा गिराउने वा अमर्यादित लाञ्छना लगाउने सामग्रीहरू,

(ग) कुनै पनि राजनीतिक दल, राजनीतिक नेता वा राजनीतिक विचारको पक्ष वा विपक्षमा वकालत गर्ने, दलगत चुनावी प्रचार-

प्रसार गर्ने वा राजनीतिक नारा तथा दलगत ब्यानरहरू जस्ता सामग्रीहरू,

(घ) कुनै पनि निजी निर्माण व्यवसायी, परामर्शदाता वा निर्माण सामग्री आपूर्ति गर्ने कम्पनीको व्यापारिक प्रवर्द्धन वा विज्ञापन हुने सामग्रीहरू,

(ङ) जात-जाति, भाषा, धर्म, लिङ्ग, सम्प्रदाय वा क्षेत्रीयताका आधारमा आपसी सद्भाव विगार्ने, सामाजिक विद्वेष फैलाउने वा कसैलाई अपमान गर्ने खालका सामग्रीहरू,

(च) सरुवा, बढुवा, कार्यसम्पादन मूल्याङ्कन वा विभागीय जिम्मेवारीप्रति आफ्नो असन्तुष्टि पोखी प्रत्यक्ष वा साङ्केतिक रूपमा कार्यालयको नेतृत्वलाई आक्षेप लगाउने सामग्रीहरू,

(छ) कार्यक्षेत्रमा रहँदा वा निर्माण व्यवसायी/परामर्शदाताको निमन्त्रणामा गरिएका महँगा कार्यक्रम, उपहार वा व्यक्तिगत लाभ झल्कने खालका सामग्रीहरू,

(ज) सत्यता, आधिकारिकता र प्राविधिक शुद्धता स्थापित नहुने सामग्रीहरू,

(झ) प्रचलित कानूनले वर्जित गरेका सम्पूर्ण सामग्रीहरू।

१४. <u>कार्यस्थलको तस्वीर र भिडियो सम्प्रेषण गर्दा ध्यान दिनुपर्नेः</u> (१) कर्मचारीहरूले कार्यस्थलका तस्वीर वा भिडियोहरू आफ्नो व्यक्तिगत खाताबाट सम्प्रेषण गर्दा देहायका कुराहरू पालना गर्नु पर्नेछः

(क) अनिवार्य रूपमा कार्यालयको नाम उल्लेख गर्ने वा कार्यालयको खातालाई ट्याग गर्ने,

(ख) सामूहिक कार्यका रूपमा प्रस्तुत गर्ने,

(ग) विभाग वा कार्यालयको सकारात्मक छवि निर्माण गर्ने,

(घ) सडक सुरक्षामा टेवा पुर्याउने।

(२) कार्यस्थलमा हुने कार्यहरूलाई व्यक्तिगत कार्यका रूपमा प्रचार-प्रसार गर्नु हुँदैन।

(३) निर्माणाधीन सडक, पुल वा संरचनाहरूमा रहेका प्राविधिक त्रुटि, दुर्घटना, वा विवादका तस्वीर/भिडियोहरू व्यक्तिगत खाताबाट सम्प्रेषण गर्नु हुँदैन।

१५. <u>भाषिक मर्यादा र स्व-अनुशासन कायम गर्नुपर्नेः</u> (१) कर्मचारीहरूले आफ्नो व्यक्तिगत सामाजिक सञ्जाल खाताबाट सञ्चार र अन्तरक्रिया गर्दा समेत आफू एक जिम्मेवार राष्ट्रसेवक कर्मचारी रहेको ख्याल राख्नु पर्नेछ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
चाकुपाट ललितपुर

(२) व्यक्तिगत खाताहरूबाट प्रकाशन, साझा वा सम्प्रेषण हुने सामग्रीहरूको भाषा शिष्ट, शालीन र मर्यादित हुनु पर्नेछ।

(३) असावधानीवश कुनै गलत, अपूर्ण वा भ्रमपूर्ण सामग्री सम्प्रेषण हुन गएमा सो सामग्री तुरुन्त सच्याउनु वा हटाउनु पर्नेछ।

(४) कार्यालयको कामकाज वा सार्वजनिक सेवा प्रवाहमा प्रत्यक्ष अवरोध पुग्ने गरी कार्यकक्ष वा कार्यस्थलमा सामाजिक सञ्जालको प्रयोग गर्नु हुँदैन।

(५) कर्मचारीहरूले सामाजिक सञ्जालमा कुनै पनि सामग्री सम्प्रेषण गर्नु अगाडि उक्त सामग्रीले यस आचारसंहिताको उल्लङ्घन गर्छ वा गर्दैन भनी स्व-मूल्याङ्कन गर्नु पर्नेछ।

१६. <u>आचारसंहिता विपरीत कार्य नमानिनेः</u> (१) यस आचारसंहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कर्मचारीहरूका व्यक्तिगत सामाजिक सञ्जाल खाताहरूबाट प्रकाशन, साझा वा सम्प्रेषण हुने देहायका सामग्रीहरूलाई यस आचारसंहिता विपरीत भएको मानिने छैनः

(क) आफ्नो व्यक्तिगत जीवनसँग सम्बन्धित सामग्रीहरू,

(ख) आफ्नो विशेषज्ञताका लिखित, मौखिक, परामर्श, प्रवचन, अध्ययन, अनुसन्धान सम्बन्धी सामग्रीहरू,

(ग) कार्यालयको काम कारबाहीमा प्रतिकूल प्रभाव नपार्ने गरी साहित्य, कला, संस्कृति, खेलकुद, ज्ञान, विज्ञान, प्रविधि, मनोरञ्जन सम्बन्धी सामग्रीहरू,

(घ) व्यक्तिगत रुचिका व्यङ्ग्यात्मक, मनोरञ्जनात्मक तथा साहित्यिक सामग्रीहरू,

(ङ) व्यक्तिगत आस्था र दर्शन सम्बन्धी सामग्रीहरू,

(च) सरकारको नीति, कार्यक्रम, उद्देश्य तथा काम कारबाहीमा र आफ्नो कार्यालयको काम कारबाहीमा प्रतिकूल असर नगर्ने किसिमका लेख रचनाहरू।

परिच्छेद-५

<u>गुनासो व्यवस्थापन, आवधिक अनुगमन तथा परामर्श समिति</u>

१७. <u>गोप्य गुनासो व्यवस्थापन संयन्त्रः</u> (१) यस आचारसंहिता उल्लङ्घन समेतको उजुरी गर्न सकिने गरी विभागले आफ्नो "गुनासो व्यवस्थापन च्याटबट" लाई आवश्यक रूपमा अद्यावधिक गरी सञ्चालनमा ल्याउनेछ।

(२) उक्त च्याटबट सञ्चालनमा नआउन्जेलको अवधिमा आवश्यक प्रमाण सहित महानिर्देशक समक्ष परिचय नखुलाई उजुरी पेश गर्न सकिनेछ।

(३) उजुरीकर्ताको पहिचान कुनै पनि अवस्थामा सार्वजनिक गरिने छैन।

महानिर्देशक

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग

१८. <u>गुनासो तथा उजुरी दर्ता प्रक्रियाः</u> (१) उजुरीकर्ताले सामाजिक सञ्जालमा सम्प्रेषण गरिएका अनधिकृत सामग्रीका तस्वीर, भिडियो, लिङ्क, डिजिटल प्रमाण वा सूचना चुहावट भएको पुष्टि गर्ने अन्य प्रमाणहरू च्याटबट मार्फत सहजै अपलोड गर्न सक्नेछन्।

(२) उजुरीकर्ताले उजुरी गर्दा कुन दफाको उल्लङ्घन भएको हो र त्यसले विभागलाई के कस्तो असर पारेको छ भन्ने कुराको संक्षिप्त व्यहोरा खुलाउनु पर्नेछ।

(३) कसैको चरित्र हत्या गर्ने, व्यक्तिगत प्रतिशोध साँध्ने वा पूर्वाग्रह राख्ने मनसायले प्रमाणविहीन र तथ्यहीन रूपमा दिइएका झुट्टा उजुरीहरूलाई अनुगमन समितिले खारेज गर्न सक्नेछ।

१९. <u>आवधिक अनुगमन तथा परामर्श समितिको गठनः</u> (१) यस आचारसंहिताको पालना भए वा नभएको आवधिक अनुगमन गर्न, विभाग वा मातहतका कार्यालयहरूका आधिकारिक सामाजिक सञ्जाल खाताहरूको नियमन गर्न र कर्मचारीहरूलाई आवश्यक परामर्श प्रदान गर्न विभागमा एक "सामाजिक सञ्जाल आवधिक अनुगमन तथा परामर्श समिति" गठन गरिनेछ।

(२) उक्त समितिको संरचना देहाय बमोजिम हुनेछः

(क) विभागको केन्द्रीय प्रवक्ता (उप-महानिर्देशक) — संयोजक,
(ख) विभागको केन्द्रीय सूचना अधिकारी — सदस्य सचिव
(ग) हाईवे व्यवस्थापन सूचना प्रणाली तथा सूचना सञ्चार प्रविधि शाखा प्रमुख — सदस्य,
(घ) प्रशासन शाखा प्रमुख — सदस्य,
(ङ) कानून शाखा प्रमुख — सदस्य,
(च) सूचना सञ्चार प्रविधि शाखा अधिकृत — सदस्य,
(छ) प्रशासन शाखा अधिकृत — सदस्य,

(३) आवश्यकता तथा विज्ञताका आधारमा विभागले थप सदस्यहरू मनोनीत गर्न सक्नेछ।

२०. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> (१) यस समितिको मुख्य जिम्मेवारी तथा अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यालयहरूका आधिकारिक सामाजिक सञ्जाल खाताहरूको आवधिक समीक्षा गर्ने र ती खाताहरू यस आचारसंहिता बमोजिम सञ्चालन भए/नभएको अनुगमन गर्ने,
(ख) कर्मचारीहरूले आफ्नो व्यक्तिगत खाताबाट आचारसंहिता विपरीतका सामग्री सम्प्रेषण गरे/नगरेको अनुगमन गर्ने तथा सो सम्बन्धमा प्राप्त उजुरीहरूमाथि छानबिन गर्ने,

महानिर्देशक

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
... ललितपुर

(ग) आचारसंहिता उल्लङ्घनको दोष अनुसार कर्मचारीलाई नसिहत दिन वा नियमानुसार विभागीय कारबाही प्रक्रिया अगाडि बढाउन सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,

(घ) आचारसंहिताको विषयमा कुनै पनि द्विविधा वा अस्पष्टता भएमा परामर्श उपलब्ध गराउने,

(ङ) कार्यालयहरूका सूचना अधिकारी तथा खाता सञ्चालक कर्मचारीहरूका लागि सामाजिक सञ्जाल व्यवस्थापन, साइबर सुरक्षा र मर्यादित सञ्चार सम्बन्धी डिजिटल साक्षरता एवं सचेतना कार्यक्रमहरू आवधिक रूपमा आयोजना गर्ने,

(च) कर्मचारीहरूलाई सामाजिक सञ्जालको मर्यादित प्रयोग गर्न प्रोत्साहित गर्ने साथै प्रोत्साहन हुने विभिन्न जानकारी तथा सचेतनामूलक सामग्री निर्माण र सम्प्रेषण गर्ने,

(छ) यस आचारसंहितामा आवश्यक समयानुकूल संशोधन गर्न सिफारिस गर्ने।

(२) समितिले प्राप्त उजुरी र प्रमाणको गोप्य रूपमा छानबिन गर्नु पर्नेछ। आरोप गम्भीर प्रकृतिको देखिएमा समितिले सम्बन्धित कर्मचारीलाई गोप्य रूपमै स्पष्टीकरणको मौका दिनु पर्नेछ।

(३) छानबिन पश्चात् आचारसंहिता उल्लङ्घन भएको प्रमाणित भएमा समितिले नियमानुसार विभागीय कारबाहीको सिफारिस सम्बन्धित अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार आवधिक रूपमा बस्नु पर्नेछ।

(५) आकस्मिक अवस्थामा संयोजकले जुनसुकै समयमा पनि समितिको बैठक बोलाउन सक्नेछन्।

परिच्छेद-६
विविध

२१. **बैठक, प्रस्तुति र सूचनाको गोपनीयता कायम राख्नु पर्नेः** (१) आधिकारिक तथा व्यक्तिगत सामाजिक सञ्जाल खाताहरूबाट प्रकाशन, साझा वा सम्प्रेषण हुने सामग्रीहरूमा साङ्गठानिक गोपनीयता कायम राख्नु पर्नेछ।

(२) कार्यालयहरूमा आयोजना हुने कुनै पनि आन्तरिक बैठक, बोलपत्र छलफल, रणनीति तर्जुमा वा विभागीय समीक्षा बैठकको विषयवस्तु, निर्णय तथा अडियो/भिडियो स्वीकृति बिना सम्प्रेषण गर्नु हुँदैन।

(३) बैठकमा प्रस्तुत गरिएका निर्णयका मस्यौदा, टिप्पणी, हस्ताक्षर पुस्तक वा निर्णय हुनु पूर्वका आधिकारिक कागजातहरूको तस्वीर स्वीकृति बिना खिच्नु र सम्प्रेषण गर्नु हुँदैन।

निर्देशक

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग

(४) राष्ट्रिय वा अन्तर्राष्ट्रिय परामर्शदाता, प्रविधि उत्पादक वा विभागद्वारा बैठक वा कार्यशालामा प्रस्तुत गरिएका सडक, सुरुङ वा पुलका संवेदनशील प्राविधिक नक्सा तथा डिजाइनको तस्वीर वा भिडियो खिचेर सम्प्रेषण गर्नु हुँदैन।

(५) विभाग वा कार्यालयको स्वीकृत निर्णय हुनु अगावै वा औपचारिक रूपमा सार्वजनिक नभएका बोलपत्रका आन्तरिक मूल्याङ्कन प्रतिवेदनहरू, विस्तृत परियोजना प्रतिवेदनका प्राविधिक पक्षहरू र मन्त्रालय पठाइएका गोप्य पत्रहरूका तस्वीरहरू सम्प्रेषण गर्नु हुँदैन।

(६) भर्चुअल वा अनलाइन माध्यमबाट सञ्चालन गरिने संवेदनशील वा आन्तरिक बैठकहरूको "मिटिङ लिङ्क", "मिटिङ आईडी र पासवर्ड" सम्प्रेषण गर्नु हुँदैन।

(७) बोलपत्र स्वीकृत हुनु पूर्व वा दररेट निर्धारण हुनु अगाडि अपुष्ट वा आन्तरिक सूचनाहरू सार्वजनिक गर्नु हुँदैन।

(८) नेपाल सरकारका "गोप्य" वा "अति गोप्य" श्रेणीका पत्रहरू, निर्णयहरू वा टिप्पणी उठाउन लागिएका मस्यौदाहरू साथै प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने सूचना र विवरणहरू कर्मचारीहरूको गोप्य समूहमा सम्प्रेषण गर्नु हुँदैन।

(९) गोपनीयता भङ्ग भएको आशङ्कामा विभागले कुनै आन्तरिक अनुसन्धान सुरु गरेमा वा बैठकमा कुनै विषयमा मतभेद भई विवाद सिर्जना भएमा सो विषयलाई लिएर सामाजिक सञ्जालमार्फत कर्मचारीले आफ्नो व्यक्तिगत सफाइ दिने, असन्तुष्टि व्यक्त गर्ने वा साङ्केतिक टिप्पणी गर्ने कार्य गर्नु हुँदैन।

(१०) कार्यालयमा सेवा लिन आउने सेवाग्राहीको इच्छाविपरीत उनीहरूको तस्बिर, भिडियो वा व्यक्तिगत विवरणहरू सार्वजनिक गर्नु हुँदैन।

२२. <u>आचारसंहिताको अनुगमन तथा कारबाहीः</u> (१) यस आचारसंहिता पालनाको आवधिक अनुगमन तथा उल्लङ्घनको कारबाही सिफारिस "सामाजिक सञ्जाल आवधिक अनुगमन तथा परामर्श समिति" ले गर्नेछ।

(२) आफू मातहतका कर्मचारीहरूको अनुगमन सम्बन्धित कार्यालय प्रमुखले समेत गर्न सक्नेछन्। कर्मचारीलाई दोषको आधारमा नियमानुसार विभागीय कारबाहीका लागि सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्न सक्नेछन्।

२३. <u>बाधा अड्काउ फुकाउनेः</u> (१) यस आचारसंहिताको कार्यान्वयनका सिलसिलामा कुनै बाधा अड्काउ उत्पन्न भएमा सो बाधा अड्काउ विभागले फुकाउन सक्नेछ।

२४. <u>आचारसंहितामा संशोधनः</u> (१) विभागले आवश्यकता अनुसार यो आचारसंहिता संशोधन गर्न सक्नेछ।

२५. <u>प्रचलित कानून बमोजिम हुनेः</u> (१) यस आचारसंहितामा लेखिएका कुनै पनि विषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनमा लेखिए बमोजिम हुनेछ।

** समाप्त **

महानिर्देशक

(४) राष्ट्रिय वा अन्तर्राष्ट्रिय परामर्शदाता, प्रविधि उत्पादक वा विभागद्वारा बैठक वा कार्यशालामा प्रस्तुत गरिएका सडक, सुरुङ वा पुलका संवेदनशील प्राविधिक नक्सा तथा डिजाइनको तस्वीर वा भिडियो खिचेर सम्प्रेषण गर्नु हुँदैन।

(५) विभाग वा कार्यालयको स्वीकृत निर्णय हुनु अगावै वा औपचारिक रूपमा सार्वजनिक नभएका बोलपत्रका आन्तरिक मूल्याङ्कन प्रतिवेदनहरू, विस्तृत परियोजना प्रतिवेदनका प्राविधिक पक्षहरू र मन्त्रालय पठाइएका गोप्य पत्रहरूका तस्वीरहरू सम्प्रेषण गर्नु हुँदैन।

(६) भर्चुअल वा अनलाइन माध्यमबाट सञ्चालन गरिने संवेदनशील वा आन्तरिक बैठकहरूको "मिटिङ लिङ्क", "मिटिङ आईडी र पासवर्ड" सम्प्रेषण गर्नु हुँदैन।

(७) बोलपत्र स्वीकृत हुनु पूर्व वा दररेट निर्धारण हुनु अगाडि अपुष्ट वा आन्तरिक सूचनाहरू सार्वजनिक गर्नु हुँदैन।

(८) नेपाल सरकारका "गोप्य" वा "अति गोप्य" श्रेणीका पत्रहरू, निर्णयहरू वा टिप्पणी उठाउन लागिएका मस्यौदाहरू साथै प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने सूचना र विवरणहरू कर्मचारीहरूको गोप्य समूहमा सम्प्रेषण गर्नु हुँदैन।

(९) गोपनीयता भङ्ग भएको आशङ्कामा विभागले कुनै आन्तरिक अनुसन्धान सुरु गरेमा वा बैठकमा कुनै विषयमा मतभेद भई विवाद सिर्जना भएमा सो विषयलाई लिएर सामाजिक सञ्जालमार्फत कर्मचारीले आफ्नो व्यक्तिगत सफाइ दिने, असन्तुष्टि व्यक्त गर्ने वा साङ्केतिक टिप्पणी गर्ने कार्य गर्नु हुँदैन।

(१०) कार्यालयमा सेवा लिन आउने सेवाग्राहीको इच्छाविपरीत उनीहरूको तस्बिर, भिडियो वा व्यक्तिगत विवरणहरू सार्वजनिक गर्नु हुँदैन।

२२. **<u>आचारसंहिताको अनुगमन तथा कारबाही:</u>** (१) यस आचारसंहिता पालनाको आवधिक अनुगमन तथा उल्लङ्घनको कारबाही सिफारिस "सामाजिक सञ्जाल आवधिक अनुगमन तथा परामर्श समिति" ले गर्नेछ।

(२) आफू मातहतका कर्मचारीहरूको अनुगमन सम्बन्धित कार्यालय प्रमुखले समेत गर्न सक्नेछन्। कर्मचारीलाई दोषको आधारमा नियमानुसार विभागीय कारबाहीका लागि सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्न सक्नेछन्।

२३. **<u>बाधा अड्काउ फुकाउने:</u>** (१) यस आचारसंहिताको कार्यान्वयनका सिलसिलामा कुनै बाधा अड्काउ उत्पन्न भएमा सो बाधा अड्काउ विभागले फुकाउन सक्नेछ।

२४. **<u>आचारसंहितामा संशोधन:</u>** (१) विभागले आवश्यकता अनुसार यो आचारसंहिता संशोधन गर्न सक्नेछ।

२५. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** (१) यस आचारसंहितामा लेखिएका कुनै पनि विषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनमा लेखिए बमोजिम हुनेछ।

**** समाप्त ****

महानिर्देशक